मा. कृष्ण प्रसाद यादव
Hon. Krishna Prasad Yadav
मुख्यमन्त्री
Chief Minister

मधेश प्रदेश सरकार
Government Of Madhesh Pradesh
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
Office Of the Chief Minister & Council Of Ministers
जनकपुरधाम, धनुषा, नेपाल
Janakpurdham, Dhanusha, Nepal

फोन: ०४१-५२७३०३,५२३१३३
Ph.no: 041-527303, 523133
Email: www.ocmcm.madhesh.gov.np

# हार्दिक अपिल

सुनसरी र आसपासमा भएको घटना अत्यन्तै दुःखद र खेदजनक छ। यस्ता घटनाले समाजमा असमझदारी र अशान्ति फैलाउने प्रयास गर्छन्, तर हामी सबैले संयमता, सहिष्णुता र आपसी सद्भावलाई प्राथमिकता दिन आवश्यक छ।

नेपाल विविधताले भरिएको देश हो। यहाँ विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति र परम्पराका मानिसहरू एउटै फूलबारीका विभिन्न फूलझैं मिलेर बस्दै आएका छन्। यही विविधता हाम्रो पहिचान मात्र होइन, हाम्रो सबैभन्दा ठूलो शक्ति पनि हो। इतिहासले पनि नेपाली समाजले कठिन परिस्थितिमा एकअर्काको साथ दिँदै राष्ट्रिय एकतालाई सधैं बलियो बनाएको देखाएको छ।

त्यसैले कुनै पनि घटना वा अफवाहका आधारमा एकअर्काप्रति घृणा, द्वेष वा हिंसालाई बढावा नदिऔं। सबैले जिम्मेवार नागरिकको भूमिका निभाउँदै सामाजिक सद्भाव, शान्ति र भाइचारालाई कायम राख्न सहयोग गरौं। कानुनको सम्मान गरौं र सत्यतथ्य जानकारीका आधारमा मात्र आफ्नो धारणा बनाऔं।

प्रशासन सबै नागरिकको सुरक्षा, शान्ति व्यवस्था कायम राख्न तथा दोषीलाई कानुनी दायरामा ल्याउन सक्रिय रूपमा लागिरहेको छ। यस कठिन घडीमा संयम, एकता र पारस्परिक विश्वास नै हाम्रो सबैभन्दा ठूलो बल हो। आउनुहोस्, विविधतामा एकता, सहिष्णुता र आपसी सम्मानको नेपाली परम्परालाई अझ बलियो बनाउँदै शान्त, समावेशी र सद्भावपूर्ण नेपालको निर्माणमा सबै मिलेर योगदान गरौं।

मिति :२०८३/०४/१३

मा. कृष्ण प्रसाद यादव
मुख्यमन्त्री